# सार्वजनिक सुनुवाई कार्यक्रम

## प्रतिवेदन पत्र

## २०७८/०७९




सार्वजनिक सुनुवाईमा सहभागिहरुको प्रश्नको जवाफ दिनु हुँदै कोहलपुर नगरपालिकाका नगरप्रमुख पुर्ण प्रसाद आचार्य ।

| आयोजक | सहयोग | सहजिकरण |
|---|---|---|
| कोहलपुर नगरपालिका | प्रदेश प्रशिक्षण प्रतिष्ठान लुम्बिनी प्रदेश, नेपाल | बास, नेपाल |

# सार्वजनिक सुनुवाई कार्यक्रम

## प्रतिवेदन पत्र

## २०७८/०७९

**संस्थाको छोटो परिचय :–**

बागेश्वरी असल शासन क्लब (बास) नेपाल को केन्द्रीय कार्यालय नेपालगञ्ज– १०, भृकुटिनगरमा छ । ०६०/०६१ आर्थिक बर्षमा जिल्ला प्रशासन कार्यालय बांकेमा दर्ता भएको यस संस्थाको स्थापना मिति २०५७ मंसिर २४ गते भएको हो । यो संस्था देशमा व्याप्त भ्रष्टाचार, अनियमितता, ढिलासुस्ति, घुसखोरी जस्ता बेथितिका बिरुद्ध ससक्त रुपमा क्रियाशिल रहँदै आएको छ । संस्था भ्रष्टाचार मुक्त समाज निर्माण भएको हेर्न चाहन्छ । भ्रष्टाचार मुक्त समुन्नत समाज निर्माण गर्न स्पन्दनशिल नागरिक जमात अभिबृद्धि गरि परिचालन गर्ने लक्ष्य बोकेको यस संस्थाको ध्येय भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती, नाताबाद, घुसखोरी जस्ता समाजिक बिकृतिका बिरुद्ध शुन्यसहनशिलताको बाताबरण सृजना गर्ने, समस्या समाधानार्थ सार्बजनिक सुनुवाइको आयोजना गर्ने हो । जसका लागि बिभिन्न उद्धेश्यहरु संस्थाले राखेको छ । जसमा समाजमा सामाजिक चेतना जगाउने, भ्रष्टाचार ढिलासुस्ति तथा अनियमितता जस्ता बिकृती र बिसंगति बिरुद्ध तथा सामाजिक रुपान्तरणका लागि बिभिन्न कार्यक्रम तथा अभियान संचालन गर्ने, असल शासन सम्वन्धि जनचेतना जगाई भ्रष्टाचारमुक्त समुन्नत समाज स्थापना गर्ने, सरकारी तथा गैरसरकारी निकाएले जनतालाई प्रदान गर्नु पर्ने सेवा, सुबिधामा जनताको पहुंच बढाउन जनसहभागिा अभिबृद्धि गर्ने, हरेक निकायको कार्य सम्पादनमा हुने ढिलासुस्ती, अनियमितता तथा भ्रष्टाचारको बिरुद्धमा जनमत सृजना गर्ने, भ्रष्टाचारमुक्त, सदाचारयुक्त समाजका लागि किन संस्कृति ? अथवा WHY CULTURE को बिकास गर्ने, क्षमता अभिबृद्धि तथा सिपमुलक तालिमहरु संचालन गर्ने, संचार वकालत तथा पैरबि गर्ने रहेका छन् । नेपाल भर कार्य क्षेत्र बनाएको संस्थाले हाल ७७ जिल्लामा शाखाहरु विस्तार गरी काम गरिरहेको छ भने १०० ओटा इकाई २० ओटा उपशाखा र ५ हजार जना साधारण सदस्यहरुको माध्यमबाट काम गरिरहेको छ । संस्थाले हाल भ्रष्टाचार बिरुद्ध शुन्य सहनशिलताको विकास, जनचेतना अभिबृद्धि, जनमत सृजना, संजाल विस्तार, क्षमता अभिबृद्धि, समस्या समाधानार्थ छलफल, दवाब, वकालत, संचार पैरवी गर्ने काम गर्दै आएको छ ।

सुशासनकालागी जन प्रकासन कार्यक्रम, **सार्बजनिक सुनुवाइ, सामाजिक परिक्षण, सार्बजनिक परिक्षण कार्यक्रम,** महिला तथा अपांगता बालबालिका सशक्तिकरण कार्यक्रम, असल शासनका लागि हेल्पलाईन शेल, भ्रष्टाचार बिरुद्ध सामाजिक क्रियाकलाप कार्यक्रम, सामाजिक जवाफदेहिता, सुचनाको हक, भ्रष्टाचार बिरुद्ध दिबस विशेष कार्यकक्रम, भ्रष्टाचार बिरुद्ध क्षमता अभिबृद्धि तथा ससक्तिकरण कार्यक्रम, एच.आई.भी एड्स विरुद्ध जनचेतनामुलक सास्कृतिक कायक्रम, कृषक सचेतनाका लागि पैरबि कार्यक्रम, संस्थागत बिकास कार्यक्रम, भ्रष्टाचार बिरुद्ध सांस्कृतिक अभियान, रेडियो कार्यक्रम र बुलेटिन, पत्रपत्रिकाहरु प्रकाशन बासका नियमित कार्यक्रम हुन् ।
बासले बिभिन्न साबिकका जिल्ला विकास समिति, नगरपालिका र बिभिन्न गाविस हरु, तथा स्थानीय तहहरुको नियमित रुपमा सार्वजनिक सुनुवाई सहजिकरण गरि सकेको छ ।

**१. सार्वजनिक सुनुवाइ पृष्ठभुमि :–**

राज्य संचालनको गुणस्तरियताले जनताको जीवनमा निरन्तर प्रभाव पार्दछ । लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेहि भएर उनिहरुको चित्त बुझाउनु पर्दछ । सार्वजनिक निकायमा बस्नेहरुले कस्तो काम गरिरहेका छन् भनेर नागरिकले चासो राखिरहेका हुन्छन् । त्यसैले राज्य संयन्त्रबाट दिइने सेवा, सुविधा र बस्तुको गुणस्तरका वारेमा सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर दिनु सार्वजनिक पद धारण गरेका व्यक्तिहरुको जवाफदेहिता अन्तर्गत पर्दछ । यस्तो जवाफदेहिता अधिकारमा बसेका जिम्मेवार व्यक्ति र सेवाग्राहि नागरिकका विच गरिने सार्वजनिक सुनुवाईका माध्यामबाट खोज्न सकिन्छ । यसरी संचालन गरिने सार्वजीक सुनुवाईबाट सार्वजनिक

निकायहरुलाई उनिहरुले गरेको कामको पृष्टपोषणपनि हुन्छ । अनि सरकारी निकाय र नागरिकको विचमा रहेको अविश्वास घटेर जान्छ र सार्वजनिक निकायले अगाडि सारेका हरेक काम कारबाहिप्रति नागरिकमा अपनत्वको भावना पनि जाग्छ । त्यसैगरी राज्य संयन्त्रले गर्ने गतिविधीका वारेमा नागरिकहरुले गुणर दोषका आधारमा मुल्यांकन गर्न पाउनु पर्छ, यो लोकतान्त्रिक मुलुका नागरिकको अधिकार पनि हो । सर्वसाधारण नागरिक र अधिकारमा बसेका व्यक्तिहरुका बीचमा सार्वजनिक चासोको विषयमा हाकाहाकि प्रश्नेत्तर गर्ने सामुदायिक मञ्चलाई सार्वजनिक सुनुवाई भनिन्छ । यसले स्थानीय नागरिकहरुमा विकास योजना प्रति अपनत्वको भावना विकास गर्नुका साथै पारदर्शिताको अभ्यास गर्दछ । आफ्नो कार्यालयले वर्ष भरीमा सञ्चालन गरेका गतिविधिको प्रभावकारीताका लागि अनिवार्य सार्वजनिक सुनुवाई गर्नु पर्ने राज्यले व्यवस्था गरे अनुसार स्थानिय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि २०६७ समेत लागु भएको छ । नेपालमा सार्वजनिक सुनुवाईको अवधारणा २०५० साल पौष १३ गते देखि केदार खड्काले सुरुवात गरेको एकआपस टेलिभिजन कार्यक्रमबाट सुरुवात भएको मानिन्छ । पांच बर्ष सम्म नियमित संचालन भएको सो कार्यक्रमले नेपालमा सार्वजनिक सुनुवाइको अबधारणालाई नागरिकका विच लोकप्रिय बनाएको थियो ।सार्वजनिक सुनुवाइले सर्वसाधारण नागरिकलाई अधिकारमा बसेका व्यक्ति नजिक पुग्ने र आफ्ना असन्तुष्टि पोख्ने अवसर दिन्छ । त्यसैले यसलाई सर्वसाधारणको पहुँच अधिकारमा बस्नेहरु सम्म पनि भन्ने गरिन्छ । सार्वजनिक सुनुवाईको प्रभावकारितालाई ध्यानमा राखेर पहिलो पटक नेपाल सरकारले २०६२ सालमा सार्वजनिक सुनुवाई सम्बन्धि निर्देशिका नै बनाएर यो संयन्त्रलाई संस्थागत गरेको पाईन्छ ।

सुनुवाईमा पछाडिपरेका, दलित, अल्पसंख्य,अपाङ्ग सर्वसाधारण नागरिकहरुको उपस्थिती उल्लेखनीय हुनु पर्दछ । हाल सार्वजनिक सुनुवाइलाई बिभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले अबलम्बन गरेर आफ्ना कार्यक्रम बनाएर सञ्चालन गरी रहेका छन् । सुशासन ऐन, २०६४ को दफा ३० मा सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था गरी कानूनी व्यवस्था गरिएको छ । त्यसैगरी सुशासन नियमावली,२०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४ महिनामा कम्तिमा एउटा सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ । अहिले देश संघिय संरचना अनुसार संचालित छ । हाल सबै कामहरु स्थानीय तहहरु मार्फत संचालन भइरहेको बर्तमान अवस्थामा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले सुशासन प्रबर्द्धन रणनिति तथा कार्ययोजना २०७४ जारि गरेको छ । उक्त कार्ययोजनाले पनि स्थानीय तहहरुले सार्वजनिक सुनुवाईको कुरालाई महत्वका साथ उठाएको छ । सुशासन प्रबर्द्धन रणनिति तथा कार्ययोजना २०७४ र स्थानीय निकाय संचालन ऐन २०७४ मा सबै स्थानीय तहहरुले आफ्ना काम तथा कार्यक्रमको पारदर्शिता र जवाफदेहिताका लागि सार्वजनिक सुनुवाइ, सामाजिक परिक्षेण र सार्वजनिक परिक्षेण सम्बन्धि छुट्टै कार्यबिधि बनाई नियमित रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सार्वजनिक परिक्षेण गर्नुपर्ने भनिएकोछ ।

**२. कार्यक्रमको परिचय :**

वडा कार्यालयले एक आथिएक वर्षमा सम्पन्न गरेका सम्मूर्ण कार्यहरु आफ्ना नागरिकहरुलाई जानकारी दिन तथा नागरिकहरुबाट पृष्ठ पोषण लिएर भावि योजना तयार गर्न सार्वजनिक सुनुवाई कार्यक्रम गरिन्छ । यो र्काक्रम सार्बजनिक सुनुवाईको अबधारणा अवलम्बन गर्दै संचालन गरिन्छ । कार्यक्रममा वडाले प्रदान गर्ने सेवा, सुबिधा बारेमा सरोकारवाला र सर्बसाधाारणका बिचमा दोहोरो सम्बाद र प्रश्नोत्तर गरिन्छ । कायक्रमको अन्तमा निष्कर्ष सहित साझा सार्बजनिक प्रतिबद्धता व्यक्त गरिन्छ । यो कार्यक्रमलाई सभ्य, शालिन र अनुशासित बनाउनका लागि आचारसंहिता समेत तयार पारिनेछ । यो कार्यक्रम सार्वजनिक सुनुवाई संचालन निर्देशिका २०६७ र सुशासन प्रबर्द्धन रणनिति तथा कार्ययोजना २०७४ र स्थानीय निकाय संचालन ऐन २०७४ बमोजिम नेपालगन्ज उपमहानगरपालिका वडा नं. १० को आयोजना र बागेश्वरी असल शासन क्लब (बास) को सहजिकरणमा सम्पन्न गरिएको छ ।

**३. कार्यक्रमका उद्धेश्यहरु :**

- नगरपालिकाको काम कारबाही बारे स्थानीयबासीहरुलाई जानकारी गराउने ।

- नगरपालिकाले प्रदान गर्ने सेवा र सुबिधाका बारेमा छलफल/बहस गर्ने ।
- सार्वजनिक निकाय संग सम्बन्धित गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्ने ।
- नगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिताका बारेमा पृष्टपोषण लिने ।
- चौमासिक गतिबिधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने ।
- सेवा ग्राहिकाबाट आएका गुनासोको सुनुवाई गर्न साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गर्ने ।

**४. लक्षित संख्या**

- ३०० बढि नगरबासी

**५. कार्यक्रम आयोजना मिति र स्थान**

२०७९ साल असार २३ गते कोहलपुर नगरपालिकाको सभाहल

**६. कार्यक्रम कसरी हुन्छ ?**

- प्रदेश प्रशिक्षण प्रतिष्ठिान र कोहलपुर नगरपालिकासँग समन्वय र छलफल
- स्थान र कार्यक्रम समय तय
- सहभागि र सरोकारवाला छनौट
- नगरिक प्रतिवेदन पत्र र बर्हिगमन अभिमत संकलन
- अध्ययन, अनुसन्धान, सुचनाको बजार तथा सुचनाको लोकतान्त्रिकरण
- कार्यक्रमको अन्तिम तयारि
- कार्यक्रमको आयोजना
- बिषयबस्तु केन्द्रित दोहोरो सम्बाद, छलफल, अनौपचारिक कार्यक्रम संचालनको प्रंकृया अवलम्बन
- सार्बजनिक प्रतिबद्धताको घोषणा
- अनुगमन, मुल्यांकन

**७. कार्यक्रम संचालन गर्दा अपनाइएका विधिहरु :**

सार्वजनिक सुनाईको मर्म अनुरुप कार्यक्रम गर्न देहाय बमोजिमका प्रक्रियाहरु अवलम्बन गरिएको थियो ।

**क) कार्यक्रम सञ्चालनका लागि प्रश्तावना पत्र तयारी, पेश, प्रश्तावना छनौट पश्चात सम्झौता–पत्रमा हस्ताक्षर :**

सार्वजनिक सुनुवाई कार्यक्रम गर्न प्रदेश प्रशिक्षण प्रतिष्ठान लुम्बिनी प्रदेशमा पेश भएको प्रस्तावना छनौटमा परि प्रदेश प्रशिक्षण प्रतिष्ठान र बासको विचमा सम्झौता भई सोही बमोजिम प्रक्रिया अगाडी बढेको थियो ।

**ख) कार्यक्रम सञ्चालनको लागि समन्वय र मिति तय**

सार्वजनिक सुनाई कार्यक्रम गर्न कोहलपुर नगरपालिका र बासको विचमा समन्वय भई कार्यक्रमलाई मिति २०७९ असार २३ गत कोहलपुर नगरपालिकाको सभाहलमा गर्ने निर्णय भई आवश्यक तयारी गरिएको थियो ।

**ग) कार्यक्रमको पत्राचार र प्रचार प्रसार**

सार्वजनिक सुनुवाई कार्यक्रम संचालनका लागि कोहलपुर नगरपालिका भित्रका सम्पूर्ण स्थानीय बासीहरुलाई स्वयंसेवकहरु परिचालन गरि प्रत्राचारका साथै प्रचार प्रसार गर्ने काम भएको थियो ।

**घ) नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत संकलन र प्रसोधन**

सार्वजनिक सुनुवाईलाई थप प्रभावकारी बनाउन र कोहलपुर नगरापालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारीताका मापन गर्न तथा सेवा सुविधाको विषयमा स्थानीयहरुको बुझाईको विषयमा जानकारी प्राप्त गरी आवश्यक थप योजना तय गर्न नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत संकलन गरिएको थियो ।

**ङ) कार्यक्रमको तयारी तथा संचालन**

कार्यक्रमका लागि आवश्यक पर्ने सम्पूर्ण तयारी पूरा भए पस्चात आवश्यक व्यानर, साउण्ड सिस्टम, सहजीकरण गर्ने मानव संसाधन लगाएतको तयारी गर्ने काम भएको थियो भने कार्यक्रम संचालनका लागि सम्पूर्ण तयारी पुरा गरिएको थियो ।

**८. सार्वजनिक सुनुवाई कार्यक्रम संचालन :**

प्रदेश प्रशिक्षण प्रतिष्ठान लुम्बिनी प्रदेशको सहयोगमा कोहलपुर नगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । २०७९ असार २३ गते कोहलपुर नगरपालिकाको सभाहलमा उक्त सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको हो । सार्वजनि सुनुवाईको प्रारम्भमा सुनुवाईको कानुनी व्यवस्था र मर्यादा अनुरुप सरोकारवालको आशनग्रहण सुनुवाईको औचित्य माथि जानकारी गराईको थियो । कार्यक्रमको शुभारम्भमा बोल्दै प्रमुख सरोकारवाला कोहलपुर नगरपालिकाका प्रमुख पुर्ण प्रसाद आचार्यले हिजोको दिनमा भएको



त्रुटिहरु आफुहरु नगर्ने र नगरवासिको आकाक्षां अनुरुप विकासको मोडललाई अगाडी बढाउने बताउनु भयो । सुनुवाईको आचार संहिता बाचन पश्चात सुरु भएको खुल्ला छलफलमा सहभागिहरुले सीपमूलक तालिमको संचालन गर्दा अपनाईने विधि र पद्धती तथा छनौट प्रणाली के हो ? मैटहवा माध्यामि विद्यालयको भवन निमार्ण कार्यमा ढिलाई भएको तथा सोही विद्यालयमा पर्ने तालको व्यवस्थापन हुन नसकेको, वडा नं. २ भित्रको क्षेत्र तथा हाइस्कुल नजिकको बस्तिहरुमो खानेपानिको समस्या रहेको, महिला र बालकालिकाको लागि लक्ष्ति वर्गको बजेट नभएको, समाजमा लैंगिक तथा महिला हिँसा अझै पनि विद्यमान रहेको, नगरपालिका भित्रको फोहर व्यवस्थापन हुन नसकेको लगाएतका प्रश्नहरु गरेका थिए । सहभागिहरुले उठाएका सवालहरुको जवाफ दिनु हुँदै प्रमुख प्रशासकिय अधिकृत टिकारमा ढकालले लक्षित वर्गको कार्यक्रम संचालन गर्दा प्रतिष्पर्धाको आधारमा गर्ने र लामो अवधिको तालिम संचालन गर्दा सि.टि.इ.भि.टि.इ. बाट मान्यता प्रादन गर्न सक्ने संस्थाहरुलाई मात्र कार्यक्रम दिने बताए । त्यस्तै सहभागिको प्रश्नको जवाफ दिँदै नगर उपप्रमुख संगिता सुवेदीले छोरीहरुको शिक्षामा पहुँचको लागि सबै सामुदायिक

विद्यालयमा सेनिटरी प्याडको व्यावस्था मिलाउने र महिला तथा लक्षित वर्गको कार्यक्रमलाई प्रथामिकतामा राख्ने बताउनु भयो । त्यस्तै सहभागिबाट उठेका प्रश्नहरुको जवाफ दिँदै प्रमुख जवाफदेहि वक्ता पूर्ण प्रसाद आचार्यले वडा नं. २ लगाएत हाइस्कुलमा देखिएको खानेपानीको समस्याको तत्काल हल गर्न खानेपानी संस्थानसँग समन्वय गर्ने, सरसफाईको व्यवस्था मिलाउने, निमार्ण हुन नसकोको विद्यालय भवन र बाटाहरु क्रमशः निमार्ण गर्दै लैजाने बताए । १२२ जना सहभागि भएको कार्यक्रमको स्वागत मन्तव्य बासका केन्द्रीय अध्यक्ष लुना बुढाथोकीले गर्नु भएको थिए भने बर्हिगमन अभिमत र नागरिक प्रतिवेदन प्रत्रको आधारमा तय गरीको प्रतिवेदनको प्रस्तुतिकरण बासका कार्यक्रम अधिकृत रबिन्द्र बोहराले गरेका थिए । आफसी बहस, छलफल पश्चात ८ बुँद्धे प्रतिवद्धताको घोषणा भएको सार्वजनिक सुनुवाईको सहजिकरण बासका पूर्व अध्यक्ष मन भण्डारीले गरेका थिए ।

## ९. साझा सार्वजनिक प्रतिबद्धता

क) नगरपालिकाबाट संचालन गरिन सीपमूलक तालिम थप प्रभावकारी तथा नतिजामूखी बनाउन कार्यविधि र प्रक्रिया अनुरुप मापदण्ड पूरा गरेका संस्थाहरुबाट संचालन गरिने ।

ख) वडा नं. २ तथा हास्कूल आसपासको क्षेत्रमा रहेको खानेपानीको समस्या समाधनको लागि खानेपानी संस्थानसँग समन्वय गरी तत्काल समाधान गर्ने ।

ग) वडा नं. ११ तथा एकता नगरक्षेत्रमा ढल निकास तथा बाटो निमार्ण कार्यलाई प्राथामिकतामा राखी योजना निमार्ण गरि कार्य अगाडी बढाउने ।

घ) दिदीबहिनीहरुको सीप विकासको लागि बजारमा माग भए अनुरुपको तालिम संचालन गर्ने ।

ङ) किशोरीहरुको स्वास्थ्यलाई ध्यानमा राख्दै नगरभित्रको सबै सामुदायिक विद्यालयहरुमा निशूल्क रुपमा सेनिटरी प्याडको व्यावस्था गर्ने ।

च) मैटहवा माद्यामिक विद्यालयको निमार्णाधिन भवन निमार्णको लागि समानित अदालतको फैसला अनुरुप निमार्ण कार्यलाई अगाडी बढाउने विद्यालय भित्रको तालको व्यवस्थापन गर्ने ।

छ) बर्हिगमन अभिमत, नागरिक प्रतिवेदन पत्र र कार्यक्रममा प्राप्त सुझावको आधारमा आगामी दिनमा कर्मचारीको व्यवहार सुधार गर्दै सोही अनुसार कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने ।

ज) सबै प्रकारका सार्वजनिक चाँसोका कार्यक्रमा आम संचारलाई फराकिलो बनाउँदै सूचना प्रवाहलाई प्रभावकारी बनाउने

## १०. सार्वजनिक सुनाईका सवल पक्षहरु

क) नगरपालिकाको आ.व. २०७८/०७९ को गतिविधिहरुको प्रस्तुतिकारण भएको ।

ख) नगरवासीलाई नगरका गतिविधिहरुका साथै आगामी योजनाको बारेमा जानकार बनाइएको ।

ग) नगरवासीका गुनासा, सुझाव र जिज्ञासाहरुको समाधान गरिएको ।

घ) नागरिक प्रतिवेदन पत्र र वर्हिगमन अभिमतमा संकलन गरिएको अध्ययनको नतिजा सार्वजनिक गरिएको ।

ङ) नगरको विकासको लागि ८ बुद्धे साझा सार्वजनिक प्रतिबद्धताको घोषणा भएको ।

च) नगरवासीलाई सार्वजनिक चाँसोको विषयमा जानकार हुन उत्प्रेरणा प्रदान गरिएको ।

## १०. कार्यक्रममा सुधार गर्नु पर्ने पक्षहरु :


क) सहभागिता बृद्धि गरिनु पर्ने ।

ख) कार्यक्रमको पृष्ठपोषण लिनु पर्ने ।

ग) प्रतिबद्धता कार्यान्वयनमा ध्यान दिनु पर्ने ।

## ११. सुनुवाइको उपस्थिती विवरण:

सार्वजनिक सुनुवाई कार्यक्रममा निम्न बमोजिमको उपस्थिती रहेको छ ।







माथिको पाइ चार्टमा देखाएको उपस्थिती विवरणलाई हेर्दा निम्न अनुसार देखाउने सकिन्छ ।


| महिला | पुरुष | दलित | जनजाती | मुस्लिम तथा मधेशी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| ७० | ५२ | १४ | २६ | २ | ८० | १२२ |

## १२. कार्यक्रम सम्बन्धि तस्विरहरु :






सार्वजनिक सुनुवाईमा प्रश्न गर्दै सहभागीहरु ।



सुनुवाईको सहजिकरण गर्दै बासका पूर्व अध्यक्ष मन भण्डारी



सुनुवाईमा जवाफ दिनुहुँदै नगरप्रमुख पूर्णप्रसाद आचार्य ।

**१३. कार्यक्रमबाट हाँसिल गरिएका उपलब्धिहरु :–**

- नगरको काम कारबाही बारे स्थानीयबासीहरुलाई जानकारी गराउने काम भएको छ ।
- नगरले प्रदान गर्ने सेवा र सुविधाका बारेमा व्यापक छलफल भएको छ ।
- नगरवासीका गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्न तर्फ नगर अग्रसर भएको छ ।
- नगरले प्रदान गर्ने सेवा र सुबिधाको प्रभावकारिताका बारेमा पृष्टपोषण लिने काम हुनेछ ।
- वार्षिक गतिबिधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने काम भएको छ ।
- कार्यक्रमको ८ बुढे साझा सार्वजनिक प्रतिबद्धताको घोषणा भएको छ ।
- कार्यक्रमा नागरिक प्रतिवेदन पत्र र बर्हिगमन अभिमत सहितको प्रतिवेदन पत्र प्रस्तुत भएको ।

**प्रतिवेदक**

नमस्कार शाह

कार्यकारी निर्देशक